# साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

भेडेटार, धनकुटा

Bhedetar, Dhankuta

प.सं.:२०८०/०८१
च.नं.

कोशी प्रदेश, नेपाल
koshi Province, Nepal

**विषय: सेवा करारमा पदपूर्ति सम्वन्धी सूचना ।**

प्रथम पटक प्रकाशितमिति: २०८१/०७/१४

यस साँगुरीगढी गाउँ कार्यपालिकाको कार्यालय, धनकुटालाई निम्नानुसारको कर्मचारी सेवा करारवाट पदपूर्ति गर्नु पर्ने भएकोले देहायको योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन भित्र तोकिएको शुल्क वुझाई रितपूर्वकको निर्धारित ढाँचामा आवेदन दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद/तह/सेवा | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | प्राविधिक सहायक (सहायक स्तर पाँचौ)/ईन्जिनियरिङ्ग | १ | |
| २ | २/२०८१/०८२ | रोजगार सहायक (सहायक स्तर पाँचौ)/प्रशासन | १ | |
| ३ | ३/२०८१/०८२ | अनमी (सहायक स्तर चौथो)/स्वास्थ्य | २ | |
| ४ | ४/२०८१/०८२ | अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्तिले मात्र) | १ | |
| ५ | ५/२०८१/०८२ | समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता (CBRF) सहायक चौथो | १ | |

***(क) शैक्षिक योग्यता: प्राविधिक सहायक (सहायक स्तर पाँचौं सरह)***

१. सिभिल इन्जिनियरिङ्गमा प्रविणाता प्रमाण पत्र तह वा ओभर सियर वा डिप्लोमा तह उतीर्ण गरेको
२. दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
३. कम्तिमा ३ महिने तालिम लिई आधारभुत कम्प्यूटर सीप हासिल गरेको ।
४. पूर्वाधारको निर्माण तथा मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण, अन्तिम लागत विवरवण तयार गर्न सक्ने, विश्लेशन गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई प्राथमिकता दिइने छ ।
५. दरखास्त निवेदन दस्तुर रु ५०० (पाँच सय मात्र) लाग्नेछ ।

कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

*(ख) शैक्षिक योग्यताः रोजगार सहायक (सहायक स्तर पाँचौं सरह)*

१. नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको ।

२. दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

३ कम्तिमा ३ महिने तालिम लिई आधारभुत कम्प्यूटर सीप हासिल गरेको ।

४. निवेदन दस्तुर रु ५०० (पाँच सय मात्र) लाग्नेछ ।

५. छनौटको किसिमः प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा संचालन ।

६. नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी, निम्नत्तम योग्यताको लव्धाङ्कको प्रमाण पत्रको प्रतिलिपी, चारित्रिक प्रमाण पत्रको प्रतिलिपी, तालिमको प्रमाण पत्रको प्रतिलिपी, अनुभव भए सोको कागजातको प्रतिलिपी

७. सेवा सुविधा तथा अन्यः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी माप दण्ड। २०७८ को दफा १३ र १४ वमोजिम हुनेछ । साथै आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण, रोजगार सहायकको कार्य विवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्वन्धी अन्य विस्तृत जानकारी मन्त्रालयको वेभ साइड pmep. np, गाउँपालिकाको वेभ साइडमा उपलब्ध हुनेछ ।

*(ग) शैक्षिक योग्यताः अ.न.मी. सहायक स्तर चौथो*

१. मान्यता प्राप्त शिक्षण संस्थावाट अनमी कोर्ष उतीर्ण भई सम्वन्धित काउण्डसिलमा दर्ता भई दर्ता म्याद कायम भएको

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपी,

३. उमेदवारको उमेर १८ पूरा भई ४५ वर्ष ननाघेको

४. SBA तालिम प्राप्त र माथिल्लो योग्यता तथा स्थानीय उम्मेदवारलाई विषेश प्राथमिकता दिइने छ ।

५. आवेदन दस्तुर रु ५०० (पाँच सय) लाग्ने छ ।

७. छनौट प्रक्रिया लिखित र अन्तर्वार्ता

८. नेपाल सरकारको सहायक स्तर चौथो सरहको तलव स्केल वमोजिम दिइनेछ ।

९. पाठ्यक्रम लोकसेवा आयोग वेभ साइड www.psc.gov.np वाट डाउनलोड गर्न सकिनेछ ।

*घ) शैक्षिक योग्यताः अपाङ्गता सहजकर्ता*

१. मान्यता प्राप्त शिक्षण संस्थावाट +२ वा सो सरह उतीर्ण गरेको

२. अपाङगता सम्वन्धी काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्यूटर सम्वन्धी तालिम लिएको, बहिरा नागरीकका लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपांगता भएको महिलालाई विषेश प्राथमिकता दिइने छ ।

३. नेपाली नागरिक ।

४. अपाङगता भएको व्यक्ति

५. निवेदन दस्तुर रु ३०० (तीन सय मात्र) लाग्नेछ ।

६. छनौटको किसिमः प्रत्यक्ष मौखिक अन्तर्वार्ता र अन्य विविध पक्षको मूल्यांकनको आधारमा सहजकर्ता छनौट हुने छ

७. नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी, निम्नत्तम योग्यताको लव्धाङ्कको प्रमाण पत्रको प्रतिलिपी, चारित्रिक प्रमाण पत्रको प्रतिलिपी, अपाङ्गता परिचय पत्रको प्रतिलिपी, अनुभव भए सोको कागजातको प्रतिलिपी

८. सेवा सुविधा तथा अन्यः कार्यालयसंग भएको करार सम्झौता वमोजिम हुने ।

९. रातो अपाङ्गता परिचय पत्र पाउनेले दरखास्त दिन पाउने छैन ।

१०. दरखास्त फाराम भर्दा १८ वर्ष पूरा भइ ४५ वर्ष ननाघेकोले दरखास्त दिन पाउनेछन् ।

राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

*ङ) सामुदायमा आधारित पुनर्थपिना सहजकर्ता (सहायक स्तर चौथो) सेवा स्वास्थ्यको शैक्षिक योग्यता:*

१. मान्याता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा अनमी/अहेव वा सो सरह उतीर्ण गरी कार्य अनुभव हासिल गरेको र कम्प्युटर सम्वन्धी आधारभूत ज्ञान भएको

२. स्कुटर तथा मोटरसाइकल चलाउन सक्ने लाइसेन्स प्राप्त गरेको हुनुपर्ने ।

३. कम्प्यूटर तथा कागजी दुवै स्वरुपमा तथ्यांक व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने

४. तोकिएको फिल्डमा गएर काम गर्न सक्ने

५. अपाङ्गता भएका व्यक्तिको घरपरिवारमा गइ आवस्यक परामर्श, सहजिकरण र समन्वय गर्न सक्ने हुनुपर्नेछ ।

६. स्वास्थ्य र अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

७. नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, न्युनत्तम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, अनुभव भएमा अनुभव प्रमाणको प्रतिलिपी

८. महिलाको हकमा १८ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको र पुरूषको हकमा १८ बर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

९. तलव सेवा तथा अन्य सेवा शर्त करार सम्झौतामा उल्लेख गरिए वमोजिम हुनेछ ।

१०. निवेदन दस्तुर रु ५०० (पाँच सय मात्र) वुझाउनु पर्नेछ ।

११. छनौट विधिः लिखित परीक्षा, कम्प्यूटर सीप परीक्षण तथा प्रत्यक्ष मौखिक अन्तर्वार्ता

नोटः

१. दरखास्त वुझाउने स्थानः साँगुरीगढी गाउँ कार्यपालिकाको कार्यालय, धनकुटा ।

२. निवेदकले पासपोर्ट साइजको तिन प्रति फोटो सहित आदेम फाराम भर्नुपर्नेछ ।

३. साँगुरीगढी गाउँ कार्यपालिकाको कार्यालयको राजस्व शाखा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारामसाथ पेश गर्नु पर्नेछ ।

४. दरखास्त फाराम साँगुरीगढी गाउँ कार्यपालिकाको वेभसाइडबाट डाउनलोड गरी फाराम भर्नु पर्नेछ ।

५. दरखास्त दिने अन्तिम मिति २०८१ कार्तिक २८ गते कार्यालय समयमा वुझाउनु पर्नेछ । सो दिन सार्वजनिक विदा पर्न गएछ भने त्यसको भोलि पल्ट बुझाउनु पर्नेछ ।

राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत